नेपाल सरकार
अर्थ मन्त्रालय, सिंहदरवार

**वोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७१।१०।११)

अर्थ मन्त्रालयको मौजुदा भवनको चारै तलाहरुका करिडोर/ प्यासेज र केही कार्यकक्षहरुमा स्वीकृत स्पेसिफिकेशन अनुसार **जिप्सन वोर्ड र लिडलाइट सहितको फल्स सिलिङ्ग** जडान गर्नु पर्ने भएकोले मू.अ.क.मा दर्ता भएका इच्छुक फर्म/ कम्पनी/ निर्माण व्यवसायीबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सिलवन्दी वोलपत्रको प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ । सिलवन्दी प्रस्तावको फाराम आर्थिक प्रशासन शाखामा (फिर्ता नहुने) रु.१०००/ वुझाए पछि स्टोर शाखाबाट प्राप्त गर्न सकिनेछ । सिलवन्दी वोलपत्र प्रस्ताव पेश गर्दा रु. ९६०००/(अक्षेरुपी छयानव्वे हजार) सिंहदरवार स्थित को.ले.नि.का. भुक्तानी केन्द्र नम्वर ४ को धरौटी खाता नं. १३५००१/०७१ मा जम्मा गरेको सक्कल भौचर वा अर्थ मन्त्रालयको नाउमा जारी गरेको विडवण्ड साथ मू.अ.क. दर्ता प्रमाण पत्र, आ.व. २०७०/७१ को कर चुक्ता गरेको प्रमाण, फर्म दर्ता प्रमाणपत्र र अन्य कागजात पेश गर्नु पर्नेछ । सिलवन्दी वोलपत्र प्रस्ताव ३१ औं दिन २:०० वजे यस मन्त्रालयमा खोलिनेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही स्थान र समयमा खोलिनेछ । वोलपत्र प्रस्ताव स्वीकृत हुने फर्मले आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने नगद वा वैंक जमानतको सक्कल प्रमाण पेश गर्नु पर्नेछ । वोलपत्र प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ । यो सूचना अर्थ मन्त्रालयको website www.mof.gov.np बाट पनि हेर्न सकिने छ । यस विषयमा थप वुझ्नु परेमा फोन नं. ४२११३६१ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ । अन्य विषयमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

लागत इष्टिमेट रकम (मु.अ.क. र कन्टेनजेन्सी वाहेक) रु. २७०७८९९/७७ (अक्षेरुपी सत्ताइस लाख सात हजार आठ सय उनान्सय पैसा सतहत्तर)